फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-

### धान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रको सुचना
(प्रथम पटक प्रकाशित मितिः २०८१।०१।२१)

**सुचना नं TSMC/SQ/AG/1/G/080/081**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाले आ.व.२०८०/०८१ को संघीय सरकारवाट प्राप्त नगद अनुदान तर्फको **धान बाली प्रवर्द्धन कार्यक्रममा** कृषकहरुलाई धानको उन्नत वीउमा ५० प्रतिशत अनुदानमा बितरण कार्यक्रम अनुसार शिलबन्दी प्रस्तावको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारवाट ईजाजत प्राप्त इच्छुक वीउ उत्पादक सहकारी सस्था लि./फर्म/उत्पादक कम्पनी वा सप्लायर्सहरुबाट प्रथम पटक रित पुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।थप जानकारी तुलसीपुर उपमहानगरपालिकाको वेबसाइट www.tulsipurmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने बेहोरा अनुरोध छ।

१/२०

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्रसङ्ख्या :-

चलानी नं. :-

## धान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रको सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।०१।२१)

**सुचना नं TSMC/SQ/AG/1/G/080/081**

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाले आ.व.२०८०/०८१ को संघीय सरकारवाट प्राप्त नगद अनुदान तर्फको **धान बाली प्रवर्द्धन कार्यक्रममा** कृषकहरुलाई धानको उन्नत वीउमा ५० प्रतिशत अनुदानमा बितरण कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु शिलबन्दी प्रस्तावको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारवाट ईजाजत प्राप्त इच्छुक वीउ उत्पादक सहकारी सस्था लि./फर्म/उत्पादक कम्पनी वा सप्लायर्सहरुवाट निम्न शर्तहरुको अधिनमा रही प्रथम पटक रित पुर्वकको शिलबन्दि दरभाउपत्र आव्हान गरिएको छ।

तपसिल :

१. राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा वा यस कार्यालयको वेबसाइट www.tulsipurmun.gov.np मा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०८१/०२/०४ गतेसम्म कार्यालय समयभित्र रु १०००।- (अक्षेरुपी एक हजार रुपैयाँ) फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कलै नगदी रसिद वा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर दाङको इन्भेष्टमन्ट मेगा बैंक लिमिटेड तुलसीपुर शाखामा रहेको ग.१.१. स्थानीय तह आन्तरिक राजश्व खाता नं ०३१०१४००२५००९२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न राखी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा (जिन्सी शाखा) बाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. खामको बाहिरी भागमा यस कार्यालयलाई सम्वोधन गरी कामको विवरण खुलाई , फर्मको छाप लगाई , शिलबन्दी छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्ने छ । आ.व.२०८०/०८१को व्यवसाय नविकरण भएको इजाजत, आयकर दर्ता प्रमाण पत्र , कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित १६ औं दिन अर्थात मिति २०८१/०२/०६ गते दिनको १२:०० बजे भित्र तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गर्न सकिनेछ।

३. यसरी दर्ता हुनआएका प्रस्तावहरु १६ औं दिन अर्थात मिति २०८१/०२/०६ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र प्रस्ताव दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा प्रस्ताव खोलिने छ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा हुने छैन।

४. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोही दिनको भोलि पल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

५. प्रस्ताव साथ तल उल्लेखित रकम नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लि.मा रहेको तुलसीपुर उपमहानगरपालिका कार्यालय दांगको धरौटी खाता नं.ग-३-०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल भौचर वा प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कलै बैंक जमानत पेश गर्नुपर्ने छ ।

६. प्रस्तावमा आफुले कबोल गरेको मू.अ.क.बाहेकको दर रेट उल्लेख गर्नु पर्ने छ ।प्रस्ताव पेश गर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।म्याद नाघी आएको र रित नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । न्यून अंक कबोल गर्ने प्रस्ताव मात्र स्वीकार गरिने छ ।

७. नेपाल सरकार वा नेपाल सरकारवाट मान्यता प्राप्त वीउ प्रयोगशालावाट वीउको गुणस्तर मापन गरेको ट्याग लगाएको वा प्रमाणित उन्नत वीउ उपचार गरेको प्रमाण सहितको कागजात पेश गर्नु पर्नेछ ।

८. कार्यालयको हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. सुचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ।

१०. थप जानकारीका लागी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा (जिन्सी शाखा) र कृषि विकास शाखाको फोन नं ०८२-५२००१६ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ, साथै यो सुचना तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट www.tulsipurmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

११. कामको विवरण निम्नानुसारको छ ।

| क.स | कामको विवरण | इकाई | परिमाण | दर | रकम रु. मु.अ.क.बाहेक | जमानत बाफतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सावा मन्सुली सव-१ | के.जी. | ६०००।- | ९७।- | ५८२०००।- | १४५५०।- | |
| २ | राम धान | के.जी. | ४७००।- | ८८.३३।- | ४१५१५१।- | १०३७८.७७ | |
| ३ | हर्दिनाथ -६ | के.जी | २५००।- | ९१.६७।- | २२९१७५।- | ५७२९.३७५।- | |
| ४ | सुख्खा -२ | के.जी | १०००।- | ८६.६७।- | ८६६७०।- | २१६६.७५।- | |
| ५ | सुख्खा -३ | के.जी | १०००।- | ८६.[illegible] | [illegible] | २१६६.७५ | |

महेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत